# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**२०८१ श्रावणदेखि चैत्रसम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण**

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

## शिक्षा तालिम केन्द्र

धुलिखेल, काभ्रेपलाञ्चोक

२०८२ बैशाख

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

### १. शिक्षा तालिम केन्द्रको परिचय

वि.सं. २०५० सालमा स्थापित शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गत वि.सं. २०५३ सालमा प्राथमिक शिक्षकहरूलाई तालिम दिने उद्देश्यले देशभर ९ ओटा प्राथमिक शिक्षक तालिम केन्द्रको स्थापना गर्ने क्रममा शिक्षा तालिम केन्द्र धुलिखेलको स्थापना भएको हो । वि.सं. २०६१ सालमा प्राथमिक शिक्षकहरूलाई तालिम दिँदै आएको प्राथमिक शिक्षक तालिम केन्द्रलाई नाम परिवर्तन गरी शैक्षिक तालिम केन्द्र 'क' बनाइयो । त्यसैताका साविकमा रहेका माध्यमिक शिक्षा विकास एकाइ (सेडु) हरूलाई शैक्षिक जनशक्ति विकास केन्द्र मातहत रहने गरी २० ओटा शैक्षिक तालिम केन्द्र 'ख' तथा ५ उपकेन्द्रका रूपमा पुनर्स्थापित गरियो ।

नेपालको संविधानबमोजिम तीन तहको शासकीय स्वरूपको व्यवस्था भएबमोजिम २०७४ सालमा प्रदेश सरकारको गठन भएसँगै नेपाल सरकारको मिति २०७५/०२/०६ को निर्णयअनुसार बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय मातहतमा शिक्षा तालिम केन्द्रको रूपमा स्थापना भई सञ्चालनमा रहेको छ । सङ्घीयताको कार्यान्वयनसँगै नेपाल सरकारको प्रशासनिक संरचना पनि परिवर्तन भयो । तत्कालीन शैक्षिक तालिम केन्द्रको तालुक निकाय शैक्षिक जनशक्ति विकास केन्द्र खारेज भए भने शैक्षिक तालिम केन्द्रको नाम संशोधन भई शिक्षा तालिम केन्द्र भयो र यस केन्द्रलाई प्रदेश सरकारअन्तर्गत राखियो ।

परिवर्तित सन्दर्भमा प्रदेशअन्तर्गतका विद्यालय शिक्षक तथा कर्मचारीको पेसागत विकासका लागि तालिम सञ्चालन तथा अध्ययन अनुसन्धान गर्नु मुख्य कार्यक्षेत्र रहेको शिक्षा तालिम केन्द्र, धुलिखेल आफ्नै ३५ रोपनी क्षेत्रफलमा फैलिएको छ । यस केन्द्रमा रहेको भौतिक संरचनाको संक्षिप्त विवरण यस प्रकार रहेको छ :

**प्रशासनिक भवनः**

प्रशासनिक कार्य तथा तालिम कार्यक्रम सञ्चालनका लागि निर्मित यस भवनमा ४ वटा तालिम हल रहेका छन् । सबै तालिम हलहरुमा स्मार्ट बोर्ड जडान गरिएको छ भने सहभागीहरुको समूहमा बसाइ व्यवस्थापन हुन सक्ने गरी राउण्ड टेबुल र कुर्सीको व्यवस्था गरिएको छ । प्रत्येक तालिम हल २५ देखि ३० जना सहभागीका लागि उपयुक्त हुने निर्माण भएका छन् । एउटा आइसिटी प्रयोगशाला, एकएक वटा पुस्तकालय र विज्ञान प्रयोगशाला, एउटा वृत्ति मार्ग निर्देशन सेवा केन्द्र रहेका छन् । यसै भवनमा १५० जना क्षमताको अडिटोरियम हल रहेको छ । भर्चुअल कक्षा निर्माण तथा प्रशोधनका लागि रेकर्डिङ स्टुडियो र अडिटिङ स्टुडियो यसै भवनमा रहेका छन् । यसै भवनमा वृत्तिमार्ग परामर्श केन्द्र पनि रहेको छ ।

कार्यकारी प्रमुख, विषयगत प्रशिक्षक, आर्थिक तथा प्रशासनिक कर्मचारीहरुका कार्यकक्ष पनि यसै भवनमा रहेका छन् ।




प्रशासनिक भवन

**छात्राबास**

शिक्षा तालिम केन्द्रमा तालिमका लागि सहभागी हुन आउने प्रशिक्षार्थीहरुको बसाइ व्यवस्थापनका लागि दुईवटा भवन रहेका छन् । सो मध्ये एउटा भवन पुरुष प्रशिक्षार्थीहरुका लागि व्यवस्था गरिएको छ, जसको क्षमता २५ जना रहेको छ । अर्को भवन महिला




पुरुष छात्राबास

प्रशिक्षार्थीका लागि व्यवस्था गरिएको छ, जसको क्षमता १५ जना रहेको छ । सोही भवनमा पाहुनाहरुको लागि एट्याच बाथरुम सहितका तीनवटा कोठाको व्यवस्था गरिएको छ ।




**महिला छात्राबास**

**प्रशिक्षक निवास**

शिक्षा तालिम केन्द्रमा प्रशिक्षकहरुको आवासको लागि छुट्टै प्रशिक्षक निवास व्यवस्था छ । प्रशिक्षक आवासमा ६ जना प्रशिक्षकहरु परिवारसहित बस्न सक्ने पूर्वाधार रहेको छ ।




प्रशिक्षक निवास

**कार्यकारी निर्देशकको निवास**

शिक्षा तालिम केन्द्रमा कार्यकारी निर्देशकको बसाइका लागि छुट्टै निवासको व्यवस्था रहेको छ ।



कार्यकारी निर्देशकको निवास

**चमेना गृह :**

शिक्षा तालिम केन्द्रमा छुट्टै चमेना गृहको व्यवस्था गरिएको छ । जसमा ३५ जनाले एकैसाथ बसेर खाना तथा नास्ता खान सक्ने गरी फर्निचर लगायत व्यवस्थापन गरिएको छ ।




चमेना गृह

**अन्य भौतिक संरचनाः**

शिक्षा तालिम केन्द्रमा तालिम केन्द्रको गाडी राख्नको लागि गाडी ग्यारेज रहेको छ । गत आर्थिक वर्षमा प्रदेश सरकार स्रोततर्फ प्राप्त कार्यक्रमबाट मोटरसाइकल पार्किङका लागि मोटरसाइकल ग्यारेज निर्माण गरिएको छ । तालिम केन्द्रमा पाले घरको समेतको व्यवस्था रहेको छ । तालिम केन्द्रको परिसर वरिपरि बाटोमा सिमेन्टका ब्लक बिछ्याइएको छ भने बोटविरुवा र फुलबारीले गर्दा रमणीय वातावरण रहेको छ । प्रशासनिक भवनको अगाडि वाटर फाउन्टेन सहितको सुन्दर बगैंचा रहेको छ ।




तालिम केन्द्रको परिसर (खेल मैदान, वाटर फाउन्टेन भएको बगैंचा र भवनका भागहरु)

विगतमा शिक्षकको पेसागत विकास गर्नु तथा तालिम प्राप्त शिक्षक तयार गर्नु यस केन्द्रको मुख्य उद्देश्य थियो । त्यस समय लामो अवधिका १० महिने शिक्षकको पेसागत विकास तालिम र छोटा अवधिका तालिम समेत सञ्चालनमा रहेको थियो । २०६७ सालदेखि भने तालिमको मोडालिटी परिवर्तन भयो र १ महिना अथवा ३० कार्य दिनको आवश्यकतामा आधारित शिक्षकको पेसागत विकास तालिम (TPD Training) सञ्चालनमा आयो । जसमा सहभागी शिक्षकले आमनेसामने र विद्यालयमा आधारित १०+१०+१० दिन गरी ३० कार्य दिन (3 Module) को तालिम लिनुपर्ने व्यवस्था रहेको थियो । २०७२ सालदेखि शिक्षकको पेसागत विकास तालिमको संरचना परिवर्तन भई Face to Face र विद्यालयमा आधारित तथा परियोजना कार्यसहितको १५+१५ दिन गरी ३० कार्य दिन (2 Phase) को तालिम सञ्चालन गर्ने व्यवस्था गरी सोहीबमोजिम तालिम कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

## २ केन्द्रको कार्यविवरण

प्रत्येक प्रदेशमा सामाजिक विकास मन्त्रालयअन्तर्गत रहने गरी शिक्षा तालिम केन्द्रको स्थापनाको औचित्यलाई दृष्टिगत गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा संघ स्तरमा रहेका निकायहरूको कार्य विवरणसँग नबाझिने गरी कार्यविवरण निर्धारण गरिएकोमा प्रदेश कितावखानाको

च.नं. ३१ मिति २०८०।०९।२० को पत्रानुसार निम्नानुसारको कार्यविवरण स्वीकृत भइआएको छः

क) विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा राष्ट्रिय गुणस्तर मापदण्ड निर्धारणअनुसार शिक्षक तथा कर्मचारीको क्षमता विकासका कार्य,

ख) विद्यालय शिक्षाको पाठ्यक्रम कार्यान्वयनमा सहजीकरण,

ग) विद्यालय शिक्षासम्बद्ध अध्ययन अनुसन्धान तथा शिक्षा क्षेत्रमा प्रवर्तनात्मक कामहरूमा उत्प्रेरणा र सहजीकरण,

घ) विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्री प्रभावकारी कार्यान्वयनका लागि तालिम सञ्चालन पेशागत सहयोग,

ङ) स्थानीय तहसँग पाठ्यक्रम सम्बद्ध क्रियाकलापमा समन्वय, क्षमता विकास र प्राविधिक सेवा प्रवाह,

च) विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम तथा मानव संसाधन विकासको क्षेत्रमा मन्त्रालयको नीतिको कार्यान्वयन,

छ) शैक्षिक तालिम कार्यक्रम तथा निकायहरूको तोकिएको मापदण्डअनुसार सम्बन्धन, प्राविधिक सहयोग, समन्वय, अनुगमन तथा नियमन,

ज) शिक्षक पेशाग विकासका लागि प्रदेश तहमा मापदण्ड तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्यहरू,

झ) शिक्षक, प्रधानाध्यापक तथा शिक्षासम्बद्ध कर्मचारी क्षमता विकासका लागि प्रदेश तहमा तालिम नीति, मापदण्ड तर्जुमा तथा कार्यान्वयन र पेशागत दक्षता अभिबृद्धिका लागि तालिम लगायतका कार्यहरू,

ञ) स्थनीय तहमा शिक्षाको व्यवस्थापन र विकासमा संलग्न गाउँपालिका/नगरपालिका शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ, अभिभावक, जनप्रतिनिधि र अन्य जनशक्तिको नेतृत्व र क्षमता विकास,

ट) विद्यालय तहमा शैक्षिक गुणस्तरका लागि पाठ्य/शैक्षिक सामग्री, तालिम पाठ्यक्रम तथा सन्दर्भ सामग्री विभिन्न तहमा शैक्षिक गुणस्तरका लागि शैक्षिक सामग्रीको सूची विकास, तालिम पाठ्यक्रम तथा सन्दर्भ सामग्री विकास र प्रमाणीकरण तालिम सामग्री उत्पादन तथा वितरण सम्बन्धी कार्य,

ठ) शिक्षक तथा शिक्षा क्षेत्रमा कार्यरत कर्मचारीको क्षमता विकासका लागि पाठ्यक्रम तथा तालिम स्रोत सामग्री विकास, प्रशिक्षक तयारी. डिजिटल सामग्रीको विकास, उत्पादन, वितरण र प्रसारणसम्बन्धी कार्य गर्ने गराउने,

ड) प्रदेशस्तरीय शिक्षक सक्षमता प्रारुप विकास, स्वीकृती र कार्यान्वयन,

ढ) सामुदायिक एवम् संस्थागत विद्यालय तथा प्रारम्भिक बाल विकास केन्द्रमा कार्यरत शिक्षक र कर्मचारीलाई असल अभ्यासको आदनप्रदान र पेशागत विकासका अन्य क्रियाकलापमा संलग्न गराउने,

ण) शिक्षक तालिम प्रमाणीकरण, मान्यता तथा समकक्षता सम्बन्धी कार्य गर्ने गराउने,

त) प्रदेशस्तरीय शिक्षक व्यवस्थापन सूचना प्रणालीको व्यवस्था र तालिम कार्यक्रमको सुपरीवेक्षण र प्राविधिक सहयोग सम्बन्धी कार्यहरू,

थ) शिक्षक, प्रधानाध्यापक र अन्य जनशक्तिको तालिमको प्रभावकारीता सम्बन्धमा अनुसन्धान सम्बन्धी कार्य,

द) प्रदेशस्तरमा विद्यालय तहको पाठ्यक्रम एवम् पाठ्यपुस्तक निर्माण, उत्पादन र प्रकाशन एवम् विद्यालयमा वितरण सम्बन्धी कार्य,

ध) मन्त्रालयबाट तोकिएबमोजिमका अन्य कार्यहरू ।

## ३ केन्द्रको सोच र लक्ष्य

### क) सोच

"प्रभावकारी तालिम, सक्षम शैक्षिक जनशक्ति, प्रदेशको समृद्धि"

### ख) लक्ष्य

तालिमका माध्यमबाट दक्ष, प्रतिस्पर्धी, प्रविधिमैत्री र उत्पादनमुखी शैक्षिक जनशक्ति तयार गर्दै प्रदेशको समृद्धिका लागि सहयोग पुऱ्याउने ।

## ४ केन्द्रको सङ्गठनात्मक संरचना

**कार्यकारी निर्देशक**
(अधिकृत स्तर – एघारौं (११ औ)
प्रशासन सेवा

**<u>पाठ्यक्रम विकास तथा तालिम शाखा</u>**

निर्देशक (अधिकृतस्तर ९/१०) शि/शि.प्र. -१
अधिकृत (अधिकृतस्तर सातौं/आठौं) नेपाली -१
अधिकृत (अधिकृतस्तर सातौं/आठौं)) गणित- १
अधिकृत (अधिकृतस्तर सातौं/आठौं) अङ्ग्रेजी-१
अधिकृत (अधिकृतस्तर सातौं/आठौं) विज्ञान -१
अधिकृत (अधिकृतस्तर सातौं/आठौं) सामाजिक -१
अधिकृत (अधिकृतस्तर सातौं/आठौं) शारीरिक -१
सहायक अधिकृत (पाँचौं/छैटौं/शिक्षा प्रशासन)-१

**<u>पाठ्यक्रम विकास तथा तालिम शाखा</u>**

निर्देशक (अधिकृतस्तर ९/१०) शि/शि.प्र. -१
अधिकृत (अधिकृतस्तर सातौं/आठौं) शि./ शि. प्र. -१
अधिकृत (अधिकृतस्तरसातौं/आठौं) ईन्जिनीयर/सूचना प्रविधि- १
सहायक/अधिकृत (पाँचौं/छैटौं) प्रशासन/सा. प्र.)- १
सहायक/अधिकृत (पाँचौं/छैटौं) प्रशासन/लेखा.)- १
सहायक/अधिकृत (पाँचौं/छैटौं/शिक्षा प्रशासन)-१
क.अपरेटर/अधिकृत (पाँचौं/छैटौं/विविध/कम्प्यूटर)-१
ह. स. चा. श्रेणीविहिन (ई./मे.ई. )-२
का. स. श्रेणीविहिन (प्रा./सा.प्र. )-३

## ५ केन्द्रको दरबन्दी तेरिज

| क्र.सं. | पदको नाम | श्रेणी/स्तर | सेवा | समूह | उपसमूह | दरबन्दी | कार्यरत |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यकारी निर्देशक | अधिकृतस्तर - एघारौं | शिक्षा | शिक्षा प्रशासन | | १ | ० |
| २ | निर्देशक | अधिकृतस्तर- नवौं/दसौं | शिक्षा | शिक्षा प्रशासन | | २ | २ |
| ३ | अधिकृत | सातौं/आठौं | शिक्षा | शिक्षा प्रशासन | | १ | ० |
| ३ | प्राविधिक अधिकृत | सातौं/आठौं | शिक्षा | शिक्षा प्रशासन | नेपाली | १ | १ |
| ४ | प्राविधिक अधिकृत | सातौं/आठौं | शिक्षा | शिक्षा प्रशासन | गणित | १ | १ |
| ५ | प्राविधिक अधिकृत | सातौं/आठौं | शिक्षा | शिक्षा प्रशासन | विज्ञान | १ | १ |
| ६ | प्राविधिक अधिकृत | सातौं/आठौं | शिक्षा | शिक्षा प्रशासन | सामाजिक | १ | १ |
| ७ | प्राविधिक अधिकृत | सातौं/आठौं | शिक्षा | शिक्षा प्रशासन | शारीरिक | १ | ० |
| ८ | प्राविधिक अधिकृत | सातौं/आठौं | शिक्षा | शिक्षा प्रशासन | अङ्ग्रेजी | १ | १ |
| ९ | अधिकृत | सातौं/आठौं | ईन्जिनीयर | ईन्जिनीयर/ सूचना प्रविधि | | १ | ० |
| ९ | सहायक/अधिकृत | पाँचौं/छैटौं | प्रशासन | सा. प्र. | | १ | १ |
| १० | सहायक/अधिकृत | पाँचौं/छैटौं | प्रशासन | लेखा | | १ | १ |
| ११ | प्राविधिक सहायक/अधिकृत | पाँचौं/छैटौं | शिक्षा | शिक्षा प्रशासन | निरीक्षण | २ | १ |
| १२ | कम्प्युटर अपरेटर (करार) | पाँचौं | विविध | | | १ | १ |
| १३ | हलुका सवारी चालक (करार) | श्रेणीविहीन | इन्जि. | मेका | | २ | १ |
| १४ | कार्यालय सहायक (करार) | श्रेणीविहीन | प्रशासन | सा. प्र. | | ३ | ३ |
| **जम्मा** | | | | | | **२१** | **१५** |

## ६. कार्यालय प्रमुख र सुचना अधिकारीको विवरण

| प्रमुख र सूचना अधिकारी | नाम | पद |
|---|---|---|
| कार्यालय प्रमुख | रुद्रहरि भण्डारी | कार्यकारी निर्देशक |
| सूचना अधिकारी | रमा खतिवडा | निर्देशक |

## ७. आ.व. २०८१/८२ को हालसम्म सञ्चालित कार्यक्रम तथा प्रगति

प्रदेशभित्र शिक्षा क्षेत्रमा कार्यरत शिक्षक एवम् कर्मचारीहरूको क्षमता विकास गर्नु यस केन्द्रको प्रमुख कार्य जिम्मेवारी हो । यसको कार्यान्वयनका लागि प्रदेश सरकारप्रति पूर्ण जवाफदेही हुनु यस केन्द्रको दायित्व हो । प्रदेश सरकारबाट प्राप्त अख्तियारीबमोजिम कार्यक्रम सञ्चालन गरी प्रगति विवरण समेत समय समयमा सामाजिक विकास मन्त्रालय समक्ष पेस गर्नु यस केन्द्रको दायित्व हो । यसै क्रममा आर्थिक वर्ष २०८१/०८२ को तेस्रो त्रैमासिकसम्ममा यस केन्द्रमा प्रदेश र सङ्घीय सरकारको स्रोतबाट प्राप्त वार्षिक कार्यक्रम अनुरूप हालसम्मको प्रगति देहायबमोजिम रहेको छ ।

### क. प्रदेश सरकारको स्रोत

१. पुँजीगत खर्चतर्फ (रु हजारमा)

| सि नं. | सव.ब.उ.शी.नं./ कार्यालय | वार्षिक स्वीकृत बजेट | तेस्रो त्रैमासिक सम्मको बजेट | तेस्रो त्रैमासिक सम्मको खर्च | तेस्रो त्रैमासिक सम्मको खर्च प्रतिशत | | वार्षिक खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | भौतिक | वित्तिय | भौतिक | वित्तिय | |
| १ | शिक्षा तालिम केन्द्र (३५००३०११४) | ६८७५ | ५६५२ | २१६४ | ७० | ३८ | ६० | ३१ | |

२. चालु खर्चतर्फ (रु हजारमा)

| सव.ब.उ.शी.नं./कार्यालय | वार्षिक स्वीकृत बजेट | तेस्रो त्रैमासिक सम्मको बजेट | तेस्रो त्रैमासिक सम्मको खर्च | तेस्रो त्रैमासिक सम्मको खर्च प्रतिशत | | वार्षिक खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय | भौतिक | वित्तिय | |
| शिक्षा तालिम केन्द्र (३५००३०११३) | ५४५५६ | ४२६४६ | २९०४३ | ८५ | ६८ | ७१ | ५३ | |

**ख. विद्यालय शिक्षा क्षेत्र योजना)-प्रदेश तथा स्थानीय तहका लागि) (संघीय सशर्त अनुदान 350911413)**

१. **पुँजीगत खर्चतर्फ :** वार्षिक बजेट तथा कार्यक्रम नभएको

२. चालु खर्चतर्फ (रु हजारमा)

| सव.ब.उ.शी.नं./कार्यालय | वार्षिक स्वीकृत बजेट | तेस्रो त्रैमासिक सम्मको बजेट | तेस्रो त्रैमासिक सम्मको खर्च | तेस्रो त्रैमासिक सम्मको खर्च प्रतिशत | | वार्षिक खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय | भौतिक | वित्तिय | |
| विद्यालय शिक्षा क्षेत्र योजना प्रदेश)-तथा स्थानीय तहका लागि ( (संघ शसर्त अनुदान) 350911413 | ४४२६३ | ३३२८२ | २३२६३ | ९० | ७० | ७२ | ५६ | |

**ग. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)(संघ शसर्त अनुदान) ३५०९११२६३**

१. **पूजीगत** : वार्षिक बजेट नभएको

२. चालु तर्फ

रु हजारमा

| सव.ब.उ.शी.नं./कार्यालय | वार्षिक स्वीकृत बजेट | तेस्रो त्रैमासिक सम्मको बजेट | तेस्रो त्रैमासिक सम्मको खर्च | तेस्रो त्रैमासिक सम्मको खर्च प्रतिशत | | वार्षिक खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)(संघ शसर्त अनुदान) ३५०९११२६३ | ६१७५ | १८७५ | ३२८०.७८ | | १७५ | | ५३ | |
| | | | | | | | | |

**घ. खेलकुद विकास कार्यक्रम-(नेपाल सरकार/प्रदेश सरकार), नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय) (संघ शसर्त अनुदान) ३४३००१०२३**

१. **पूजीगत** : वार्षिक बजेट नभएको

२. **चालु तर्फ**

रु हजारमा

| सव.ब.उ.शी.नं./कार्यालय | वार्षिक स्वीकृत बजेट | तेस्रो त्रैमासिक सम्मको बजेट | तेस्रो त्रैमासिक सम्मको खर्च | तेस्रो त्रैमासिक सम्मको खर्च प्रतिशत | | वार्षिक खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| खेलकुद विकास कार्यक्रम | २१०० | १५०० | १५०० | १०० | ७१.४० | १०० | ७१.४० | |

**नोट : रु ६ लाख रोक्का रहेको ।**

**ङ. कूल जम्मा खर्च**

**१. पूजीगत खर्च प्रदेश सरकारको मात्र कार्यक्रम भएको हुदा बूदा नं. क (१) उल्लेख गरिएको ।**

**२. चालु खर्च**

| सव.ब.उ.शी.नं./कार्यालय | वार्षिक स्वीकृत बजेट | तेस्रो त्रैमासिक सम्मको बजेट | तेस्रो त्रैमासिक सम्मको खर्च | तेस्रो त्रैमासिक सम्मको खर्च प्रतिशत | | वार्षिक खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| प्रदेश सरकारको स्रोत तर्फ | ५४५५६ | ४२६४६ | २९०४३ | ८५ | ६८ | ७१ | ५३ | |
| संघीय सरकार विद्यालय शिक्षा क्षेत्र तर्फ अनुदान | ४४२६३ | ३३२८२ | २३२६३ | ९० | ७० | ७२ | ५६ | |
| संघीय सरकार प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अनुदान | ६१७५ | १८७५ | ३२८१ | | १७५ | | ५३ | |
| संघीय सरकार विद्यालय खेलकुद कार्यक्रम | २१०० | १५०० | १५०० | १०० | ७१.४० | १०० | ७१.४० | |
| **जम्मा** | **१०७०९४** | **७९३०३** | **५७०८७** | **९२** | **७२** | **८१** | **५३.३३** | |

# च. कार्यक्रमगत खर्च विवरण

१. प्रदेश सरकारको स्रोत तर्फ खर्च शीर्षक अनुसारको प्रगति विवरण (रु हजारमा)

| क.स | ब.उ.शी.नं. | ख.शी.नं. | वार्षिक बजेट | आर्थिक वर्ष 2081/082 को | | |
|---|---|---|---|---|---|---|
| | | | | कुल खर्च | भौतिक प्रतिशत | वित्तिय प्रतिशत |
| १ | शिक्षा तालिम केन्द्र (३५००३०११४) | ३११२१ | ३०० | ३०० | १०० | १०० |
| २ | शिक्षा तालिम केन्द्र (३५००३०११४) | ३११२२ | १५७५ | १५६४ | १०५ | ९९ |
| ३ | शिक्षा तालिम केन्द्र (३५००३०११४) | ३११५९ | ५०० | ३०० | ५० | ६ |
| ४ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | २११११ पारिश्रमिक कर्मचारी | १३४९६ | ४८१२ | १०० | ३५.७ |
| ५ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | २११२१ पोशाक | २१० | १४० | १०० | ६६.७ |
| ७ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 21134 कर्मचारीको बैठक भत्ता | २०० | ४२ | १०० | २१.२ |
| ८ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 21139 अन्य भत्ता | ३८ | ० | ० | ० |
| ९ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 21212 योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २९८ | ४४ | १०० | १४.९ |
| १० | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 21213 योगदानमा आधारित बीमा कोष खर्च | ९६ | ३० | १०० | ३१.३ |
| ११ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22111 पानी तथा बिजुली | १०१५ | २९९ | १०० | २९.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22112 संचार महसुल | ३३४ | २२२ | १०० | ६६.५ |
| १३ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22212 इन्धन (कार्यालय प्रयोजन) | ८२५ | ३९८ | १०० | ४८.३ |
| १४ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22213 सवारी साधन मर्मत खर्च | ५१० | ४११ | १०० | ८०.६ |
| १५ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22214 बिमा तथा नवीकरण खर्च | २६८ | ६६ | ८३ | २४.६ |
| १६ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22221 मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २५२ | १७९ | ८९ | ७१.२ |
| १७ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22231 निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ४७५ | १५५ | ५० | ३२.५ |
| १८ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22311 मसलन्द तथा कार्यालय सामाग्री | ९२० | ६९१ | ८२ | ७५.१ |
| १९ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22314 इन्धन - अन्य प्रयोजन | ६० | ४६ | ८० | ७५.९ |
| २० | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22315 पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५०० | ३४४ | ७२ | ६८.७ |
| २१ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22412 सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २०० | ५० | ३५ | २५ |
| २२ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22413 करार सेवा शुल्क | २१३२ | १५७४ | ८३ | ७३.८ |
| २३ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22512 सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २६२९० | १६८३३ | ७९.८३ | ६४ |
| २४ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22522 कार्यक्रम खर्च | २०५० | ५७२ | ४५ | २७.९ |
| २५ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22611 अनुगमन, मूल्यांकन खर्च | ४०० | २४८ | ७२ | ६१.९ |
| २६ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22612 भ्रमण खर्च | १५० | ४५ | ३१ | ३०.३ |
| २७ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 22711 विविध खर्च | १४१ | १०० | ७५ | ७०.९ |
| २८ | शिक्षा तालिम केन्द्र (३५००३०११3) | 26412 सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सःसर्त चालु अनुदान | ३१९२ | १५०४ | ५० | ४७.१ |
| | जम्मा | | ६१४३१ | ३१२०९ | ६८ | ५०.८ |

## २. सशर्त अनुदान

**विद्यालय शिक्षा क्षेत्र योजना-(प्रदेश तथा स्थानीय तहका लागि) (संघ शसर्त अनुदान) 350911413** (रु हजारमा)

| क्र.स. | आयोजनाको नाम | कुल बजेट | तेस्रो त्रैमासिक सम्मको बजेट | तेस्रो त्रैमासिकसम्मको खर्च प्रतिशत | | कुल प्रगति प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय | भौतिक | वित्तिय | |
| १ | 2.6.1.84शिक्षक तालिम संचालन | ४१६६३ | ३१२०२ | ८९.५१ | ७० | ७२ | ५६ | |
| २ | 2.7.13.606 शिक्षा तालिम केन्द्रको Digital Learning Centre को विकास तथा सुदृढीकरण | २५०० | २०८० | ० | ० | ० | ० | |
| ३ | 2.7.13.611 वार्षिक, चौमासिक प्रतिवेदन तयारी तथा प्रदेश स्तरीय IEMIS व्यवस्थापन | १०० | 0 | ० | ० | ० | ० | |
| | **जम्मा** | ४४२६३ | ३३२८२ | ८९.५ | ७० | ७२ | ५६ | |

## ३. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)(संघ शसर्त अनुदान) 350911263

| क्र.स. | आयोजनाको नाम | कुल बजेट | तेस्रो त्रैमासिक सम्मको बजेट | तेस्रो त्रैमासिकसम्मको खर्च प्रतिशत | | कुल प्रगती प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय | भौतिक | वित्तिय | कैफियत |
| १ | धिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)(संघ शसर्त अनुदान) 350911263 | ६१७५ | १८७५ | | ३२८०.७८ | | १७५ | |

| ४. | **खेलकुद विकास कार्यक्रम-(नेपाल सरकार/प्रदेश सरकार), नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय) (संघ शसर्त अनुदान) 343001023** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | आयोजनाको नाम | कुल बजेट | तेस्रो त्रैमासिक सम्मको बजेट | तेस्रो त्रैमासिकसम्मको खर्च प्रतिशत | | कुल प्रगती प्रतिशत | | |
| | | | | भौतिक | वित्तिय | भौतिक | वित्तिय | कैफियत |
| १ | खेलकुद विकास कार्यक्रम-(नेपाल सरकार/प्रदेश सरकार) | २१०० | १५०० | १००.० | १५०० | १०० | ७१.४२ | |

## छ. प्रमुख क्रियाकलापहरुको प्रगति विवरण

### क. प्रदेश सरकारको स्रोत तर्फ

| क.स. | क्रियाकलाप | वार्षिक लक्ष्य (जना) | तेस्रो त्रैमासिक सम्मको उपलब्धि | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | कार्यान्वयनको चरणमा रहेको | |
| १ | प्राविधिक धार सञ्चालन भएका विद्यालय र प्राविधिक शिक्षालयमा कार्यरत विषयगत प्रशिक्षकहरूको क्षमता विकास कार्यक्रम | ५० | ० | ० | ५० | |
| | बाल विकास केन्द्रका शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम | २०० | २५१ | २५१ | ० | |
| ३ | आधारभूत तह (कक्षा १-५) का शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम | ६०० | ४८४ | ४८४ | ११६ | |
| ४ | आधारभूत तह (कक्षा ६-८) का शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम | २०० | १४७ | १४७ | ५३ | |
| ५ | आधारभूत तहका प्रधानाध्यापहरुको नेतृत्व क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम | २०० | १७२ | १७२ | २८ | |
| ६ | माध्यमिक तहका प्रधानाध्यापकहरुको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम | १५० | ५८ | ५८ | ९२ | |
| ७ | माध्यमिक तहका शिक्षकको क्षमता अभिवृद्धिक लागि तालिम कार्यक्रम | २०० | २०५ | २०५ | ० | |
| ८ | शिक्षा सेवाका नवप्रवेशी छैठौं तह र पाँचौं तहका कर्मचारीको लागि सेवा प्रवेश तालिम | २५ | ३३ | ३३ | ० | |
| ९ | केन्द्रका कर्मचारी क्षमता विकास कार्यक्रम | १ | १ | १ | ० | |
| १० | आधारभूत तथा माध्यमिक तहका शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि ICT मा आधारित तालिम कार्यक्रम | ४०० | ३८९ | ३८९ | ११ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | स्थानीय तहका शिक्षा अधिकृतहरुको क्षमता अभिवृद्धि तालिम कार्यक्रम | ११९ | ६० | ६० | ५९ | |
| १२ | आधारभूत तह (कक्षा 4-८) का स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम | १०० | ८४ | ८४ | १६ | |
| १३ | आधारभूत तह (कक्षा ६-८) का सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा अध्यापन गर्ने शिक्षकका लागि नैतिक तथा मानव मूल्य सम्बन्धी क्षमता विकास तालिम | १५० | ४८ | ४८ | १०२ | |
| १४ | सामुदायिक विद्यालय शिक्षकलाई खेलकुद सम्बन्धी आधारभुत तालिम | १०० | ७९ | ७९ | २१ | |
| १५ | वृत्ति मार्ग निर्देशन सेवा प्रशिक्षक प्रशिक्षण | २५ | २६ | २६ | ० | |
| | **जम्मा** | **२५२०** | **२०३७** | **२०३७** | **५४८** | |

| | **विद्यालय शिक्षा क्षेत्र योजना-(प्रदेश तथा स्थानीय तहका लागि) (संघ शसर्त अनुदान) 350911413** | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | क्रियाकलाप | वार्षिक लक्ष्य (जना) | तेस्रो त्रैमासिक सम्मको उपलब्धि | | | कैफियत |
| | | | लक्ष्य | प्रगति | कार्यान्वयनको चरणमा रहेको | |
| १ | राजपत्रअनङ्कित प्रथम श्रेणी वा सो सरहका कर्मचारीका लागि १ महिने सेवाकालीन शैक्षिक प्रशासन तालिम सञ्चालन | २५ | २५ | २४ | ० | |
| २ | शिक्षक पेसागत विकास प्रारुप, २०८० को प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहका शिक्षा अधिकृतका लागि १ दिने अभिमुखीकरण | १३२ | १३२ | १३६ | ० | |
| ३ | पहिलो चरण पूरा गरेका प्रारम्भिक बालविकास शिक्षक/सहजकर्ताका लागि दोस्रो चरणको टिपिडी तालिम | ९० | ९० | ५६ | ३४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रममा आधारित दोस्रो चरणको टिपिडी तालिम | ३०० | ३०० | ३४० | ० | |
| ५ | पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रममा आधारित दोस्रो चरणको अनलाइन टिपिडी तालिम | १६० | १२० | १२३ | ३७ | |
| ६ | पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा ६-८) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको टिपिडी तालिम | ९० | ६० | ६८ | २२ | |
| ७ | पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा ६-८) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको अनलाइन टिपिडी तालिम | ८० | ८० | ८२ | ० | |
| ८ | पहिलो चरण पूरा गरेका माध्यमिक तह (कक्षा ९-१०) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको टिपिडी तालिम | ९० | ६० | ८८ | ० | |
| ९ | पहिलो चरण पूरा गरेका माध्यमिक तह (कक्षा ९-१०) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको अनलाइन टिपिडी तालिम | ८० | ४० | ८७ | ० | |
| १० | माध्यमिक तह कक्षा ११-१२ का नेपाली/सामाजिक तथा जीवनोपयोगी सिप/अङ्ग्रेजी/गणित विषयका शिक्षकहरूलाई आधारित टिपिडी तालिम | ६० | ३० | २७ | ३३ | |
| ११ | माध्यमिक तह कक्षा ११-१२ का नेपाली/सामाजिक तथा जीवनोपयोगी सिप/अङ्ग्रेजी/गणित विषयका शिक्षकहरूलाई आधारित अनलाइन टिपिडी तालिम | ४० | ४० | ० | ४० | |
| १२ | शिक्षक पेसागत विकास प्रारुप, २०८० अनुसार आधारभूत तह (कक्षा १-५) का शिक्षकका लागि एक महिने प्रमाणीकरण तालिम | १५० | ९० | ० | १५० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | शिक्षक पेसागत विकास प्रारुप, २०८० अनुसार माध्यमिक तह (कक्षा ९-१०) का अनिवार्य विषय शिक्षकका लागि एक महिने प्रमाणीकरण तालिम | ९० | ६० | ० | ९० | |
| १४ | पहिलो चरण पूरा गरेका सुनाइ/दृष्टि/बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षण गर्ने शिक्षकहरुको क्षमता विकासका लागि टिपिडी तालिम | ६० | ३० | २६ | ३४ | |
| १५ | पहिलो चरण पूरा गरेका आधारभूत/माध्यमिक तहको प्रधानाध्यापक नेतृत्व क्षमता विकाससम्बन्धी तालिम | ६० | ३० | ४७ | १३ | |
| १६ | प्राविधिक तथा व्यावसायिक शिक्षा धारतर्फका प्रशिक्षक/सहायक प्रशिक्षकहरूको टिपिडी तालिम | ३० | ० | ० | ३० | |
| १७ | आधारभूत तहका नवप्रवेशी शिक्षकहरुका लागि एक महिने अनलाइन सेवा प्रवेश तालिम | १४४६ | १०४० | ९७४ | ४७२ | |
| १८ | माध्यमिक तहका नवप्रवेशी शिक्षकहरुका लागि एक महिने अनलाइन सेवा प्रवेश तालिम | १३३ | ९० | ० | १३३ | |
| १९ | कार्यमूलक अनुसन्धानसम्बन्धी ५ दिने अनलाइनमा आधारित कस्टमाइज्ड शिक्षक तालिम | ४० | ० | ० | ४० | |
| २० | पाठ अध्ययन (Lesson study) सम्बन्धी ५ दिने कस्टमाइज्ड शिक्षक तालिम | ३० | ३० | ३१ | ० | |
| २१ | लैङ्गिकता, जीवनोपयोगी सिप र वित्तीय शिक्षासम्बन्धी ५ दिने कस्टमाइज्ड शिक्षक तालिम | ३० | ३० | ३० | ० | |
| २२ | शिक्षक मेन्टरहरूका लागि ५ दिने क्षमता विकास तालिम | ९० | ९० | ९९ | ० | |
| २३ | बहुकक्षा बहुस्तर (MGML) सम्बन्धी शिक्षक पेसागत विकास तालिम | ६० | ६० | २७ | ३३ | |
| | **जम्मा** | **३३६६** | **२५२७** | **२२६५** | **११६१** | |

| क.स. | क्रियाकलाप | वार्षिक बजेट रु हजारमा | तेस्रो त्रैमासिक सम्मको उपलब्धि | | कैफियत |
|---|---|---|---|---|---|
| | **खेलकुद विकास कार्यक्रम-(नेपाल सरकार/प्रदेश सरकार), नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय) (संघ शसर्त अनुदान) 343001023** | | | | |
| | | | सम्पन्न भइसकेको | कार्यान्वयनको चरणमा रहेको | |
| | **2.6.1.5खेलकुद शिक्षक तालिम** | २१०० | १५०० | रु ६ लाख रोक्का | |

| क.स. | क्रियाकलाप | वार्षिक बजेट रु हजारमा | तेस्रो त्रैमासिक सम्मको उपलब्धि | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | **प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)(संघ शसर्त अनुदान) 350911263** | | | | | |
| | | | लक्ष्य | प्रगति | कार्यान्वयनको चरणमा रहेको | |
| १ | 2.7.8.173वृत्ति-मार्गनिर्देशन सेवा सम्बन्धी digitalization प्रणाली निर्माण तथा अध्यावधिक | २०० | २०० | ० | २०० | |
| २ | 2.7.8.177स्थानीय तहसंगको समन्वय/सहकार्यमा युवालाई शिक्षा तथा कामको संसार सम्बन्धमा परामर्श कार्य संचालन | ३०० | ० | ० | ३०० | |
| ३ | 2.7.8.185वृत्ति मार्गनिर्देशन सम्बन्धि शिक्षकहरुलाई पुनर्ताजगी तथा प्रशिक्षक प्रशिक्षण तालिम संचालन | १,२०० | २०० | ० | १,२०० | |
| ४ | 2.7.8.188वृत्ति मार्ग-निर्देशन सेवा केन्द्र मार्फत प्रचार प्रसार सम्बन्धि क्रियाकलाप (रेडियो, दृश्य सामग्री, leaflet आदि) संचालन | २०० | २०० | ० | २०० | |
| ५ | 2.7.8.194वृत्ति मार्ग-निर्देशन सेवा केन्द्र संचालन तथा व्यवस्थापन | ५०० | २०० | २९० | २१० | |
| ६ | 2.7.8.199वृत्ति मार्ग-निर्देशन सेवा केन्द्र मार्फत वृत्ति-मार्गनिर्देशन तथा रोजगार मेला आयोजना | ७०० | ५०० | ९० | ६१० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | 2.7.8.203परियोजना सम्बन्धी विभिन्न समितिहरूको बैठक, अनुगमन, सुपरिवेक्षण तथा प्रशासनिक कार्य | ७५ | ७५ | ० | ७५ | |
| ८ | 2.7.8.208वृत्ति मार्ग-निर्देशन सेवा केन्द्र मार्फत वृत्ति मार्ग निर्देशन सम्बन्धी सिकाइ सामग्री तयारी, परिमार्जन, प्रकाशन तथा वितरण | ३,००० | २०० | २,९०१ | ९९ | |
| | **जम्मा** | **६,१७५** | **१८७५** | **३२८१** | **२,८९४** | |